## जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८०

**प्रस्तावना:** विद्युतीय सञ्चार माध्यमहरुलाई जनचेतनामूलक प्रचार सामग्री उपलब्ध गराउने कार्यलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

प्रदेश सञ्चार माध्यम व्यवस्थापन नियमावली, २०७६ को नियम ३९ ले दिएको अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **कार्यविधिको नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा वितरण कार्यविधि, २०८०" रहने छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा:** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "विद्युतीय सञ्चार माध्यम" भन्नाले प्रदेश कानून बमोजिम प्रदेश सरकारमा दर्ता भई नियमित रूपमा प्रसारणमा रहेका केवलमा आधारित टेलिभिजन, एफ.एम रेडियो र प्रदेश सरकारमा दर्ता र नविकरण भई सञ्चालनमा रहेका अनलाइन सञ्चार माध्यम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले बागमती प्रदेश सरकार, सञ्चार रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनु पर्छ।

(घ) "जनचेतनामूलक प्रचार सामग्री" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालयले प्रकाशन तथा प्रसारण गर्न दिएको चेतनामूलक एवं सूचनामूलक सामग्री सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले सूचना तथा सञ्चार प्रविधि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

३. **जनचेतनामूलक प्रचार सामग्री निर्देशक समितिको गठन:** (१) विद्युतीय सञ्चार माध्यमहरुको लागि समन्वय गर्न र विद्युतीय सञ्चार माध्यमको बर्गीकरण तथा अनुगमन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ:

(क) सञ्चार रजिष्ट्रारको कार्यालय, सञ्चार रजिष्ट्रार -संयोजक

(ख) अधिकृत प्रतिनिधि, मन्त्रालय -सदस्य

(ग) प्रतिनिधि, नेपाल पत्रकार महासंघ -सदस्य

(घ) अधिकृत, प्रशासन तथा प्रकाशन शाखा, सञ्चार रजिष्ट्रारको कार्यालय -सदस्य

(ङ) अधिकृत, प्रसारण शाखा, सञ्चार रजिष्ट्रारको कार्यालय -सदस्य-सचिव

सचिव

गंगानारायण श्रेष्ठ
मन्त्री

(२) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको सचिवालयको काम प्रसारण तथा सूचना शाखाले गर्नेछ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जनचेतनामूलक प्रचार सामग्रीको आवेदन मागको सूचना प्रकाशन तथा प्रसारण गर्न निर्देशन दिने,

(ख) प्रसारण गरिने जनचेतनामूलक प्रचार सामग्रीको छनौट तथा सिफारिस, प्रसारण तालिका र रकम निर्धारण गर्न सञ्चार रजिष्ट्रार कार्यालयलाई निर्देशन गर्ने,

(ग) प्राप्त आवेदनहरु छानविन गरी शर्त पुरा गरेका विद्युतीय सञ्चार माध्यमहरुलाई जनचेतनामूलक प्रचार सामग्री प्रसारणको अनुमति दिनु अगाडि निर्देशक समितिबाट स्वीकृत गराउने,

(घ) जनचेतनामूलक प्रचार सामग्री प्रसारणको अनुगमन गर्ने,

(ङ) वर्गीकृत विद्युतीय सञ्चार माध्यमलाई उपलब्ध गराउने रकम बाँडफाँटको सिफारिस गर्ने,

(च) सञ्चार संस्था र कार्यालय बीच कुनै विषयमा विवाद भएका उक्त विवाद समाधान गर्ने,

(छ) समितिले आवश्यक देखेका अन्य कामहरू।

५. **सूचना प्रकाशन गरिनेः** (१) समितिले जनचेतनामूलक प्रचार सामग्री प्रसारण तथा प्रकशन गर्न चाहने विद्युतीय आमसञ्चार माध्यमको जानकारीका लागि कार्यालयले न्यूनतम १५(पन्ध्र) दिनको समयावधि दिई सूचना प्रकाशन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशन भएको सूचनामा उल्लिखित म्याद भित्र प्रसारण तथा प्रकाशन संस्थाहरुले जनचेतनामूलक प्रचार सामग्री प्रसारणमा भाग लिन अनुसूची- १ बमोजिमको ढाँचामा फाराम भरी कार्यालयमा दर्ता गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र निवेदन दिन छुटेका सञ्चार माध्यमले थप सात दिन भित्र दर्ता शुल्कको पच्चीस प्रतिशत विलम्ब शुल्क प्रदेश सरकारको राजश्व खातामा जम्मा गरेको भौचर पेस गर्नुपर्नेछ।

(४) आवेदन पेश गर्ने फारम कार्यालयको वेबसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

सचिव

गंगानारायण श्रेष्ठ
मन्त्री

(५) विद्युतीय आमसञ्चार माध्यमले आवेदन पेश गर्दा फारम साथ देहाय बमोजिमको दर्ता शुल्क बुझाउनु पर्नेछः-

(क) टेलिभिजनको लागी एक हजार रुपैयाँ मात्र।

(ख) एफ.एम. रेडियोको लागी पाँच सय रुपैयाँ मात्र।

(ग) अनलाइनको लागि पाँच सय रुपैयाँ मात्र।

(६) प्रसारण संस्थाहरुले वर्गीकरणको फाराम दर्ता गराउन प्रदेश सरकारको राजस्व खातामा रकम जम्मा गरेको भौचर संलग्न गरी कार्यालयमा निवेदन दिन वा भौचर स्क्यान गरी कार्यालयको इमेल ठेगानाबाट पनि फर्म भरेर दर्ता गराउन सकिनेछ।

६. <u>विद्युतीय सञ्चार माध्यमहरुको वर्गिकरणः</u> (१) दफा ५ बमोजिम दर्ता भएका र दफा ७ बमोजिमका शर्त पूरा गरेका सञ्चार माध्यमहरुको समितिको सिफारिसमा कार्यालयले देहाय बमोजिम विद्युतीय सञ्चार माध्यमको वर्गीकरण गर्नेछः-

(क) विद्युतीय आमसञ्चार माध्यमहरु मध्ये एफ.एम. रेडियोको हकमा वाट क्षमताको आधारमा तीन तहमा वर्गीकरण गरिनेछः-

(१) २५० वाट

(२) ५०० वाट

(३) १००० वाट।

(ख) विद्युतीय सञ्चार माध्यमहरुको प्रविधिको आधारमा देहाय बमोजिम वर्गीकरण गरिनेछः-

(१) केबल टेलिभिजन,

(२) अनलाइन सञ्चार माध्यम

(२) नियमित प्रसारणमा आएपछि मात्र कुनै पनि प्रसारण संस्था जनचेतनामूलक प्रचार सामग्रीको लागि योग्य हुनेछ।

(३) स्थानीय भाषामा समाचार वा कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने र प्रदेश सरकारमा दर्ता भई पछिल्लो आर्थिक वर्षसम्म नवीकरण भएका प्रसारण तथा प्रकाशन संस्थालाई मात्र जनचेतनामूलक प्रचार सामग्री प्रसारण गर्न अनुमति दिइनेछ।

तर एक आर्थिक वर्ष पूरा नभए पनि नियमित प्रसारण अनुमति प्राप्त गरेको संस्थाको हकमा नवीकरण अनिवार्य हुने छैन।

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

(४) विद्युतीय सञ्चार माध्यमको प्राविधिक मूल्यांकनका लागि समितिले विशेषज्ञको सहयोग लिन सक्नेछ।

७. **विद्युतीय सञ्चार माध्यमहरुले पालना गर्नु पर्ने शर्तहरु:** सञ्चार माध्यमहरुले जनचेतनामूलक प्रचार सामग्री प्राप्त गर्नको लागि देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछ:-

(क) नेपालको संविधान र प्रचलित कानूनहरुको पालना गरेको,

(ख) प्रचलित कानून बमोजिम हरेक वर्ष नवीकरण भएको,

(ग) पछिल्लो आर्थिक वर्ष सम्मको कर चुक्ताको प्रमाण पेश गरेको, तर एक आर्थिक वर्ष पूरा नभएका संस्थाको हकमा नवीकरण अनिर्वाय हुने छैन।

(घ) श्रमजीवि पत्रकार सम्बन्धी ऐन र नियम पालना गरेको,

(ङ) आचार संहिता पालना गरेको,

(च) तीस प्रतिशत भन्दा बढी कार्यक्रमहरु रिले प्रसारण नगरेको,

(छ) वर्षको ३६५ दिनमा कम्तिमा पनि ३३० दिन नियमित प्रसारण तथा प्रकाशन भएको,

(ज) प्रत्येक दिन कम्तीमा पनि १० घण्टा प्रसारण भएको,

(झ) टेलिभिजन, एफ.एम रेडियोको हकमा प्रचार सामग्रीको समय कार्यक्रमको एक तिहाई भन्दा बढी नभएको,

(ञ) कार्यालयले तोकिदिएको समयमा जनचेतनामूलक प्रचार सामग्री प्रसारण गराउने प्रतिबद्धता जनाएको पत्र पेश गर्नु पर्नेछ।

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

८. **जनचेतनामूलक प्रचार सामग्रीको निर्माण:** (१) समितिको सिफारिसका आधारमा कार्यालयले जनचेतनामूलक प्रचार सामग्रीको विषयवस्तु निर्माण गर्नेछ।

(२) जनचेतनामूलक प्रचार सामग्रीको विषयवस्तु निर्धारण गर्दा सामाजिक साँस्कृतिक विविधतालाई सम्मान गरिनेछ।

(३) प्रचार सामग्री निर्माणमा एकरुपता कायम गरिनेछ।

(४) जनचेतनामूलक प्रचार सामग्री निर्माण सम्बन्धी सबै कार्य कार्यालयले गर्नेछ।

(५) जनचेतनामूलक प्रचार सामग्री निर्माण सम्बन्धी माथि जेसुकै लेखिएको भए तापनि प्रदेश मन्त्रालयहरुले निर्माण गरी हस्तान्तरण गरेका प्रचार सामग्री, कार्यालयले प्रसारण तथा प्रकासन गर्न/गराउन सक्नेछ ।

(६) कार्यालयले प्रसारण तथा प्रकाशन गर्न पठाएका सामग्री प्रकाशन तथा प्रसारण गर्नु सम्बन्धित सञ्चार संस्थाको दायित्व हुनेछ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

९. <u>जनचेतनामूलक प्रचार सामग्री प्रसारण तथा प्रकाशनको मिति, समय तथा आबृतीः</u> (१) समितिको निर्णयानुसार प्रसारण तथा प्रकाशन संस्थाले जनचेतनामूलक प्रचार सामग्रीको लागि विशेष प्राईम, प्राईम तथा साधारण समय छुट्याउनु पर्नेछ।

(२) जनचेतनामूलक प्रचार सामग्री वर्गिकरणको आधारमा दैनिक कति पटक, कुन समयमा प्रसारण गर्ने भन्ने सम्बन्धमा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कार्यालयले दिएको निर्देशन प्रसारण संस्थाले अनिवार्य रूपमा पालना गर्नु पर्नेछ।

(४) जनचेतनामूलक प्रचार सामग्रीको प्रसारण तथा प्रकाशनको अनुमति पाएका सञ्चार माध्यमले प्रकाशित तथा प्रसारित सामग्री सम्बन्धित सञ्चार मध्यमको लोगो सहित कार्यालयमा पठाउनु पर्नेछ।

(५) प्रसारण तथा प्रकाशन संस्थाले प्रसारित तथा प्रकाशित सामग्रीको स्पष्ट प्रमाण खुल्ने गरी रेकर्ड राख्नु पर्नेछ।

(६) समितिको सिफारिस अनुरुप वर्गिकृत भई सकेपछि त्यस्ता प्रसारण तथा प्रकाशन संस्थाहरुलाई समितिको निर्णय र निर्देशन बमोजिम कार्यालयले विज्ञापन प्रसारण तथा प्रकाशनको मिति, समय, स्थान र आबृति उपलब्ध गराउनु पर्नेछ।

(७) प्रसारण तथा प्रकाशन सामग्री कार्यालयको वेबसाइट मार्फत प्राप्त गर्न सकिनेछ।

१०. <u>प्रकाशन तथा प्रसारण निरीक्षण व्यवस्थाः</u> (१) कार्यालयले तोकेका जनचेतनामूलक प्रचार सामग्री प्रसारण तथा प्रकाशन भए नभएको सम्बन्धमा कार्यालय तथा समितिले अनुगमन तथा निरिक्षण गर्न सक्नेछ।

(२) समितिले निरिक्षणको बखत मागेका कागजात देखाउनु सम्बन्धित सञ्चार संस्थाको कर्तव्य हुनेछ।

(३) सञ्चार माध्यमले पत्रकारिता सम्बन्धी आचार संहिता पालना गरे नगरेको सम्बन्धमा समितिले निरिक्षण गर्न सक्नेछ।

(४) तीन पटकभन्दा बढी आचारसंहिता उलङ्घन गरेको पाइएमा त्यस्तो सञ्चार संस्था जनचेतनामूलक प्रचार सामग्रीको लागि अयोग्य ठहरिनेछ।

(५) गाली बेइज्जती सम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा एक वर्षसम्मका लागि जनचेतनामूलक प्रचार सामग्री उपलब्ध गराइनेछैन।

(६) नियमानुसार तिर्नुपर्ने कर फछ्यौंट नगरेमा त्यस्ता सञ्चार माध्यम, जनचेतनामूलक प्रचार सामग्रीको लागि अयोग्य हुनेछ।

सचिव

गंगानारायण श्रेष्ठ
मन्त्री

११. **बजेट बाँडफाँड प्रक्रियाः** (१) जनचेतनामूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा प्रशासनिक खर्च विद्युतीय सञ्चार माध्यमहरुका लागि विनियोजित बजेटबाट रकम बाँडफाँड गरिनेछ।

(२) उपदफा (१) बमोजिम रकम बाँडफाँट गर्दा जनचेतनामूलक प्रचार सामग्री निर्माण तथा प्रशासनिक खर्चका लागि १५ प्रतिशत र जनचेतनामूलक प्रचार सामग्री प्रसारणका लागि ८५ प्रतिशत रकम बाँडफाँट गरिने छ।

१२. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयमा कुनै अप्ठ्यारो परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १

(दफा ५ सँग सम्बन्धित)

## जनचेतना मूलक प्रचार सामग्रीको लागि आवेदन फाराम

मितिः.............................

श्री सञ्चार रजिष्ट्रारको कार्यालय,
बागमती प्रदेश।

विषयः जनचेतना मूलक प्रचार सामग्री माग सम्बन्धी।

१. इजाजत पत्र नं.:

२. संस्थागत विवरणः

३. विद्युतिय संचार माध्यमको नाम/ठेगानाः-

४. संस्था दर्ता नं.:-

५. स्थायी लेखा नं.:-

६. ई-मेल ठेगानाः

७. सम्पर्क नं.:

८. प्रसारणमा प्रयोग हुने कलसाइनः

९. फ्रिक्वेन्सीः

१०. प्रसारण क्षमता:

११. प्रसारण शुरु भएको मितिः

१२. प्रसारणमा प्रयोग हुने भाषाः

१३. प्रसारणको समयावधिः

१४. प्रसारण गरिने कार्यक्रमको प्रकृतिः

**जनचेतना मूलक प्रचार सामग्री निर्माण, प्रसारण तथा बितरण सम्बन्धि कार्यविधि, २०७९ को दफा ७ बमोजिमका शर्तहरु अक्षरंस पालना गर्ने/गरेको छु।**

**आवदेनको सूचनामा राखिने विवरण**

निवेदनसँग संलग्न गर्नु पर्ने कागजातहरुः

(क) संस्था दर्ता प्रमाण-पत्र

(ख) संस्था अध्यावधिक प्रमाण-पत्र

(ग) कर चुक्ता प्रमाण-पत्र

**संस्थाको छाप**

सचिव

मा. गंगानारायण श्रेष्ठ
मन्त्री